निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं. Ref: ७२।०८६।८८

मितिः २०७७।४।२५

श्री राजनीतिक दल सबै,

विषयः स्मरण गराइएको सम्बन्धमा।

राजनीतिक दल लोकतन्त्रका आधार स्तम्भ हुन् ।राजनीतिक दलको आन्तरिक लोकतान्त्रिक पद्दतिले देश र समाजलाई गति दिन्छ ।नेपालको संविधान, निर्वाचन आयोग ऐन, २०७३ र राजनीतिक दल सम्बन्धी ऐन, २०७३ ले राजनीतिक दलले निर्वाह गर्नुपर्ने भूमिका निर्धारण गरेको छ ।साथै निर्वाचन आयोगलाई संविधानको धारा २४६, २६९, २७१ र २७२ तथा निर्वाचन आयोग ऐन, २०७३ को दफा ११, ३१, ३२, र ३९ तथा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ११, १२, १३, १५, १६, २१, २२, ३८, ३९, ४०, ४१, ४२, ५३ र ५४ ले आयोगलाई प्रबर्द्धनात्मक र नियमनकारी भूमिका प्रदान गरेको छ ।उक्त तथ्यहरूलाई हृदयंगम गरी राजनीतिक दलले स्वमूल्याङकनको पद्दतिको विकास गरी आफैले प्रकाशन गर्नुपर्ने विवरणहरू प्रकाशन गरी आयोगलाई जानकारी गराउने र आयोगमा पेश गर्नुपर्ने विवरणहरू यथा समयमै उपलब्ध गराई आयोग र राजनीतिकदल बीचको समन्वय र सहकार्यलाई सुदृढ गर्दै लैजान आवश्यक भएको छ ।उल्लिखित विषयलाई मध्यनजर राख्दै कानूनमा भएको व्यवस्थाको स्मरण गराउँदै आयोग र राजनीतिक दलबीचको समन्वय र सहकार्यलाई अझ सुदृढ र प्रभावकारी बनाउन देहायका विषयसँग सम्बन्धित विवरण उपलब्ध गराई दिनुहुन निर्देशानुसार अनुरोध छ :-

१. संविधानको धारा २६९ र राजनीतिक दलका विधानमा व्यवस्था भए बमोजिम संघीय र प्रदेश तहका पदाधिकारीको पाँच वर्षमा निर्वाचन हुनु पर्ने भएकोले सो सम्बन्धी अद्यावधिक विवरण,
२. नेपालको संविधान, राजनीतिक दल सम्बन्धी ऐन, २०७३ र राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ तथा दलको विधान बमोजिम व्यवस्था भएको संगठन संरचना अनुसार स्थानीय तह, प्रदेश तह र केन्द्रीय तहमा कार्यकारी अधिकार प्रयोग गर्ने गरी रहेको विभिन्न तहका कार्यकारिणी समितिमा भएको समानुपातिक समावेशी प्रतिनिधित्वको विवरण,
३. प्रदेश, जिल्ला र स्थानीय तहमा समन्वय र सहकार्यको लागि दल र पदाधिकारीको विवरण अभिलेखिकरण गर्न प्रदेश समितिका पदाधिकारीको विवरण प्रदेश राजधानी रहेको जिल्लाको जिल्ला निर्वाचन कार्यालयमा तथा जिल्ला र स्थानीय तहको समितिका पदाधिकारीको विवरण सम्बन्धित जिल्ला निर्वाचन कार्यालयमा उपलब्ध गराई दिनुहुन,


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्सः (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

प.सं. च.नं. Ref:

४. राजनीतिक दलले आफ्नो आय र व्ययको लेखा राख्नु पर्ने र लेखा राख्ने जिम्मेवार पदाधिकारी तोकी आयोगलाई जानकारी गराउनु पर्ने व्यवस्था बमोजिम त्यस्ता जिम्मेवारी तोकिएका पदाधिकारी र उक्त पदाधिकारीको व्यक्तिगत (नाम थर, पद, ठेगाना, मोवाइल नं., इमेल) विवरण,

५. लगातार तीन वर्षसम्म लेखापरीक्षण प्रतिवेदन आयोगमा नबुझाएमा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५४ बमोजिम आयोगले पचास हजार रूपैयाँसम्म जरिवाना गर्न सक्ने व्यवस्था रहेको सन्दर्भमा त्यहाँ दलबाट लेखा परीक्षण प्रतिवेदन नबुझाएको भए आर्थिक वर्ष ०७५/०७६ सम्मको २०७७ भदौ मसान्तसम्म र आर्थिक वर्ष ०७६/०७७ को माघ मसान्तसम्म आयोगमा बुझाउने व्यवस्था हुन,

६. राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५३ बमोजिम केन्द्रीय समितिका पदाधिकारी र सदस्यमा निर्वाचित भएको व्यक्तिले निर्वाचित भएको साठी दिन भित्र सम्पत्ति विवरण सम्बन्धित दलको केन्द्रीय कार्यालय समक्ष पेश गर्नुपर्ने र उक्त विवरणलाई अभिलेख राखी एक महिना भित्र प्रकाशन गर्नु पर्ने व्यवस्था भए बमोजिम सोको अभिलेख राखी, प्रकाशन गरी उक्त प्रकाशन गरिएको विवरण र प्रकाशन नगरिएको भए त्यस्तो विवरण प्रकाशन गरी सो विवरण नियमित रूपमा यस आयोगमा उपलब्ध गराइ दिनु हुन,

७. राजनीतिक दलले आयोगसँगको सम्पर्कको लागि एक जना सम्पर्क व्यक्ति तोकी आयोगलाई जानकारी गराउनु पर्ने कानूनी व्यवस्था बमोजिम सम्पर्क व्यक्ति तोकी पठाईदिनु हुन र यस अघि तोकी जानकारी गराएको भए अद्यावधिक विवरण (नाम थर, पद, ठेगाना, मोवाइल नं., इमेल) सहित जानकारी गराईदिनु हुन,

८. राजनीतिक दलले नेपालको संविधान, राजनीतिक दल सम्बन्धी ऐन, २०७३ र राजनीतिक दलको विधानको अधिनमा रही आफ्नो दल, पदाधिकारी सदस्य र कार्यकर्ताले पालना गर्नु पर्ने आचारसंहिता बनाई लागू गरी सोको जानकारी आयोगलाई दिनु पर्ने व्यवस्था भएको हुँदा आचारसंहिता बनाई लागू गरिएको भए सोको विवरण र नभए आचारसंहिता बनाई लागू गरी सोको विवरण उपलब्ध गराईदिनु हुन,

९. समयमा उल्लिखित विवरण पेश गर्ने राजनीतिक दलले समेत चालु आ.व. मा पेश गर्नुपर्ने विवरण सदाझैं समयमै पेश गर्नु हुन र यस विषयमा केही बुझ्न र थप स्पष्ट हुनु परेमा कार्यालय समयभित्र आयोगको केन्द्रीय कार्यालय, कान्तिपथ, काठमाण्डौमा सम्पर्क गर्न हुन समेत निर्देशानुसार अनुरोध छ।

२०७६।४।२२

(रूद्र प्रसाद सुवेदी)
उपन्यायाधिवक्ता


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np